**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः १८ नवम्बर २०२५**

*समयः १८:५० - १९:०० बजे*

**<u>मुख्य समाचार</u>**

- निर्वाचन आयोगले विशेष गहन पुनरीक्षणको दोस्रो चरण शुरु भएदेखि मतदाताहरूलाई ५० करोड ९७ लाख फारमहरू वितरण गरिएको जानकारी दिएको छ।

- राष्ट्रपति द्रौपदी मुर्मुले पानीको उपलब्धता र सुरक्षा सुनिश्चित गर्न सबैलाई मिलेर काम गर्न आग्रह गर्नुभएको छ।

- पश्चिम बंगालमा चलिरहेको विशेष गहन पुनरीक्षण – एस.आई.आर.को प्रगतिको समीक्षाको निम्ति निर्वाचन आयोगको चार सदस्यीय केन्द्रिय टोली आज कोलकाता आईपुगेको छ।

- सुकेपोखरी खण्ड अन्तर्गत सिमाना बजारमा आज प्रभावकारी संरक्षण उपायसित सम्बन्धित चतुर्थ चरण को परामर्श कार्याशाला सम्पन्न।

- दार्जीलिङका फिलाटेलिस्टहरूले १० औं राज्य फिलाटेलिक प्रदर्शनी बोङ्गोपेक्स -२०२५ मा भाग लिएर पदक जितेका छन्।

**<u>मतदाता सूची - विशेष गहन पुनरीक्षण दोश्रो चरण</u>**

निर्वाचन आयोगले विशेष गहन पुनरीक्षणको दोस्रो चरण शुरु भएदेखि मतदाताहरूलाई ५० करोड ९७ लाख फारमहरू वितरण गरिएको आज जानकारी दिएको छ। यो यस चरणमा सामेल हुने ५१ करोड मतदाताहरुको ९८.५४ प्रतिशत हो।मतदाता सूचीको विशेष गहन पुनरीक्षणको दोस्रो चरण यस महिनाको ४ तारिखदेखि नौ राज्यहरू र तीन केन्द्र शासित प्रदेशहरूमा शुरु भएको छ। आयोग अनुसार उत्तर प्रदेशमा १५ करोड भन्दा अधिक र पश्चिम बंगालमा ७ करोड भन्दा अधिक फारम बुझाइएको छ। मतदाता सूचीको व्यापक पुनरीक्षण अर्को वर्ष ७ फरवरीमा अन्तिम मतदाता सूची प्रकाशनसँगै समाप्त हुनेछ।

**<u>राष्ट्रपति द्रौपदी मुर्मुले -पानी</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले पानीको उपलब्धता र सुरक्षा सुनिश्चित गर्न सबैलाई मिलेर काम गर्न आग्रह गर्नुभएको छ। उहाँले जलवायु परिवर्तनले आजको समयमा जल चक्रलाई असर गरिरहेको बताउनु भएको छ । नयाँ दिल्लीमा छैटौं राष्ट्रिय जल पुरस्कार २०२४ र पहिलो जल संचय जनभागीदारी पुरस्कार प्रदान गर्नुहुदै राष्ट्रपति मुर्मुले भन्नुभयो - जनसंख्यालाई ध्यानमा राखेर पानीको स्रोत सीमित भएकाले देशको लागि पानीको कुशल प्रयोग आवश्यक छ। उहाँले पुरस्कार विजेताहरूलाई पानी बचाउने प्रयासका लागि बधाई दिनुभयो साथै पानी बिना कोही पनि बाँच्न सक्दैन भन्ने कुरामा जोड दिनुभयो। गत वर्ष शुरु भएको जल संरक्षण जनसहभागिता कार्यक्रम अन्तर्गत ३५ लाख भन्दा अधिक भूमिगत जल पुनर्भरण संरचना निर्माण भएको पनि राष्ट्रपति मुर्मुले बताउनु भयो ।

**<u>प्रधान मन्त्री नरेन्द्र मोदी- आत्मनिर्भर भारत</u>**

प्रधान मन्त्री नरेन्द्र मोदीले भारत विकसित र आत्मनिर्भर हुन उत्साहित रहेको बताउनुभएको छ। नयाँ दिल्लीमा छैटौं रामनाथ गोयन्का व्याख्यानलाई सम्बोधन गर्नुहुदै श्री मोदीले भन्नुभयो, यस्तो समयमा जब विश्व अवरोधको डरले

डराएको छ, भारत आत्मविश्वासका साथ उज्ज्वल भविष्यको दिशामा अघि बढिरहेको छ। प्रधान मन्त्री श्री मोदीले जोड दिदै भन्नुभयो , भारत केवल एक उदीयमान बजार मात्र होइन, तर एक उदाउँदो मोडेल पनि हो। उहाँले आज विश्वले भारतीय विकास मोडेललाई नमूनाको रूपमा हेर्नुभएको बताउनुभयो ।

**पश्चिम बंगाल- केन्द्रिय टोली-कोलकाता**

पश्चिम बंगालमा चलिरहेको विशेष गहन पुनरीक्षण अर्थात् एसआईआरको प्रगतिको समीक्षाको निम्ति निर्वाचन आयोगको चार सदस्यीय केन्द्रिय टोली आज  बिहान कोलकाता आईपुगेको छ । यस महिना आयोगको यो दोस्रो राज्य-स्तरीय समीक्षा यात्रा हो, जसबाट संकेत पाइन्छ कि आयोगको विशेष नजर यस पूरा संशोधन प्रक्रियामाथि केन्द्रित छ।केन्द्रिय दलमा उप चुनाउ आयुक्त ज्ञानेश भारती, आयोगका दुई प्रमुख सचिव एसबी जोशी र मलय मालिक तथा उप सचिव अभिनव अग्रवाल सामेल छन्।

***यो टीम आज देखि 21 नोभेम्बरसम्म राज्यमा रहनेछ र आफ्नो दौड़ाहमा कोलकाता, दक्षिण चौबीस परगना, नदिया, मुर्शिदाबाद र मालदा जिल्लामा एसआईआरको स्थितिको समीक्षा गर्नेछ। महिनाको शुरूआतमा भएको पहिलो यात्रामा टीमले उत्तर बंगालका तीन जिल्लामा प्रगतिको जायजा लिएको थियो। सूत्रहरू अनुसार , पश्चिम बंगालमा तीन चरणमा हुने एस.आई.आर प्रक्रियाको पहिलो चरण 4 नोभेम्बरदेखि शुरू भएको थियो। मतदाताहरूबीच प्रपत्र वितरण लगभग पूरा भइसकेको छ। मुख्य चुनाउ अधिकारी कार्यालयबाट प्राप्त ताजा जानकारी अनुसार, बुथ स्तर अधिकारीहरूद्वारा संग्रहित प्रपत्रहरूको डिजिटाइजेशनको प्रक्रिया पनि शुरू भएको छ र अहिलेसम्म एक करोड़भन्दा अधिक प्रपत्र डिजिटल रूपमा परिवर्तित गरिएको छ। 27 अक्टोबरसम्म राज्यमा मतदाताहरूको कूल संख्या सात करोड़ 66 लाख 37 हजार 529 दर्ता गरिएको छ।पूरा एसआईआर प्रक्रिया आगामी वर्ष मार्चसम्म पूरा हुने अनुमान छ। राज्यमा पछिल्लो पल्ट यो विशेष संशोधन 2002 मा गरिएको थियो। त्यस समयको मतदाता सूचीमा जुन मतदाताहरू र उनका माता-पिताको नाम दर्ता थियो, उनीहरूलाई यस पाली स्वत: वैध मतदाता मानिनेछ जबकि जसको नाम अथवा उनका माता-पिताको नाम 2002 को सूचीमा थिएन, उनीहरूले आफ्नो प्रविष्टि बनाई राख्नका लागि आयोगद्वारा निर्धारित एघार मध्ये कुनै एक दस्तावेज प्रस्तुत गर्नुपर्नेछ।***

**विश्वभारती विश्वविद्यालय-आगलागी**

पश्चिम बंगालमा विश्वभारती विश्वविद्यालयको भाषा भवनको दोस्रो तलामा आज  बिहान आगो लागे पछि  भाग-दौड़ मचियो।प्राप्त जानकारी अनुसार आगो भाषा भवनको दोस्रो तलामा जड़ित आउटडोर एसी यूनिटमा लागेको बताईएको छ दमकल विभागले घटनास्थलमा पुगेर  आगोलाई नियन्त्रणमा ल्याउन सफल बन्यो । यस घटनामा कुनै ठूलो नोक्सान नभएको जानकारी प्राप्त भएको छ  ।

**सुकेपोखरी सिमाना -कार्यशाला**

सुकेपोखरी खण्ड अन्तर्गत सिमाना बजार सर्वाजनिक भवनमा आज प्रभावकारी संरक्षण उपायसित  सम्बन्धित चतुर्थ चरण को परामर्श कार्याशाला सम्पन्न भयो । कार्यशालाको मुख्य उदेश्य जैव बिबिधता संरक्षण, सतत बिकास तथा समुदाय आधारित नवाचारहरु माथी बिस्तृत रुपमा चर्चा गर्नु थियो । कार्यक्रमलाई एट्री  का शोष सहायक सौरभ कौशिक ,डाक्टर अवन्तिका थापाले जैवबिबिधता सित सम्बन्धित अनुसन्धान , मानव एवं पशु प्राणी बीचको सअस्तित्व ,प्रकृति संरक्षण संगै दीर्घकालीन बिकास अनि नीति कानुन  र प्रबन्धन बारे प्रकाश पार्नु भयो ।

**दार्जीलिङका -फिलाटेलिस्ट प्रदर्शनी**

दार्जीलिङका फिलाटेलिस्टहरूले १० औं राज्य फिलाटेलिक प्रदर्शनी, बोङ्गोपेक्स २०२५ मा भाग लिएर पदक जितेका छन् । बोङ्गोपेक्स २०२५  १४ नोभेम्बर देखि १७ नोभेम्बर सम्म साइन्स सिटी, कोलकातामा आयोजना गरिएको

थियो। प्रदर्शनीमा, राज्यभरिका धेरै फिलाटेलिस्टहरूले विद्यार्थीहरूका लागि विभिन्न विशेष कभरहरूको विमोचन, पत्र लेखन, चित्रकला र क्विज प्रतियोगिताहरू सहित विभिन्न प्रतियोगिताहरूमा भाग लिए।

***यस प्रदर्शनीमा विवेक योञ्जनले आफ्नो संग्रह "कोर्डोफोन्स - स्ट्रिङ्ड एलिमेन्ट्स अफ म्युजिक" को लागि समूहको सर्वोच्च भर्मिल पदक जिते भने उदयमणि प्रधानले रोटरी र माउन्टेनमा आफ्नो प्रदर्शनीका लागि क्रमशः रजत पदक जितेका छन् । एकल फ्रेम श्रेणीमा, आनन्द योञ्जन, सुशील कार्तिक र नीलिमा योञ्जनलाई क्रमशः ५६ अंक, ४४ अंक र ६३ अंक प्रदान गरिएको छ । प्रदर्शनीमा दार्जिलिङको नर्थ पोइन्ट एकेडेमी र विद्या विकास एकेडेमीका विद्यार्थीहरू एकाश्रय तामाङ, सुमिरन तिरुवा, सुदर्शन राई र न्यान्सी गुरुङले भाग लिएका थिए जसले आफ्नो एकल फ्रेम प्रदर्शनीको लागि प्रमाणपत्र प्राप्त गरेका छन् ।***

**दार्जीलिंग -गीति एल्बम -लोकार्पण**

दार्जीलिङका प्रख्यात सङ्गीतकार दिप वाईवाको "भाव -बन्दन "एल्बमको एक विशेष कार्यक्रम माझ बिमोचन गरिएको छ । उक्त कार्यक्रममा भुषण खरेल प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो I यस अवसरमा सङ्गीतकार दिप वाईवालाई love and support foundation द्वारा जीवनकालिन उपलब्धि पुरस्कार प्रदान गरियो ।

**बिहार - सरकार गठन**

बिहार बिहारमा एनडीएका नवनिर्वाचित विधायकहरू भोलि पटनामा आफ्नो नेता चयन गर्नका लागि बैठक गर्नेछन्। पाँच घटक दलहरू – भारतीय जनता पार्टी, जनता दल (यूनाइटेड) लोक जनशक्ति पार्टी (रामविलास), हिन्दुस्तानी अवाम मोर्चा, र राष्ट्रिय लोक मोर्चा - का 202 एनडीए विधायकहरू बैठकमा भाग लिनेछन्।नयाँ सरकारको शपथ ग्रहण समारोह 20 नोभेम्बरमा पटनाको एतिहासिक गाँधी मैदानमा हुने छ।